**कोरोना भाइरससम्बन्धी प्रदेश २ को अवस्था**
**धनुषा । ०७७ वैशाख ४ गते**
प्रदेश २ मा वैशाख ४ गतेसम्म ५ सय ३५ जनाको स्वाब संकलन गरिएकोमा हालसम्म ४ सय ५८ जनाको रिपोर्ट आएको छ । जसमध्ये ४ सय ५४ जनाको स्वाब परीक्षण रिपोर्ट निगेटिभ आएको छ भने चार जनाको रिपोर्ट पोजेटिभ देखिएको छ। ७७ जनाको रिपोर्ट आउन बाँकी रहेको छ।
वैशाख ४ गते दिउँसो १ बजेसम्म प्राप्त तथ्याङ्क अनुसार प्रदेश २ मा चार जना कोरोना भाइरस सङ्क्रमित पाइएको प्रदेश २ सरकार समाजिक विकास मन्त्रालयले जनाएको छ । चारै जना कोरोना भाइरस सङ्क्रमितको उपचार नारायणी अस्पताल बीरगंजको आइसोलेसन वार्डमा भइरहेको छ।
त्यस्तै वैशाख ४ गतेसम्म प्रदेशको आठ वटै जिल्लामा ६ सय २५ जनाको र्‍यापीड डाइग्नोस्टिक टेस्ट (आरडीटी) किटबाट परीक्षण गरिएकोमा ६ सय २३ जनाको निगेटिभ र दुई जनाको पोजेटिभ देखाएको छ।
सप्तरीका दुई जनामा कोरोना सङ्क्रमण पोजेटिभ देखिएपनि पिसिआर प्रविधिबाट गरिएको स्वाब परीक्षण रिपोर्ट भने नेगेटिभ आएको सामाजिक विकास मन्त्रालयले जनाएको छ।
हालसम्म आठ वटै जिल्लाको १ सय ६२ वटा क्वारेन्टाइनमा १ हजार १ सय ३७ जना छन् भने चिकित्सकको सल्लाह अनुसार १ हजार ५ सय २५ जनालाई होम क्वारेन्टाइनमा राखिएको छ।
प्रदेश २ अन्तर्गतका सिरहामा सात, धनुषामा एक र पर्सामा चार गरी १२ जनालाई आइसोलेशन वार्डमा राखिएको छ। प्रदेशमा आइसोलेसन क्षमता २ सय २० रहेको छ।
साथै, कोरोना भाइरस रोकथाम तथा न्यूनिकरणका लागि जिल्ला जिल्लामा भएको प्रयास तथा लकडाउनका कारण समस्यामा परेका अतिविपन्न समुदायलाई स्थानीयत तहबाट भइरहेको राहत बितरण सम्बन्धमा इन्सेक जिल्ला प्रतिनिधिमार्फत प्राप्त सूचनाको आधारमा जिल्लागत अवस्था यसप्रकार छ।

**इन्सेक सप्तरी जिल्ला प्रतिनिधि मनोहरकुमार पोखरेलका अनुसार** र्‍यापीड डाइग्नोस्टिक टेस्ट (आरडिटी) परीक्षणको क्रममा कोरोना पोजिटिभ देखिए पछि आइसोलेशनमा राखिएका तिलाठी कोइलाडी गाउँपालिका-१ तिलाठी र खडक नगरपालिका- ११ बनौलीका दुई नेपाली जमातीलाई सम्बन्धित स्थानीय तहले बनाएको क्वारेन्टाइनमा वैशाख ४ गते सारिएको छ।
बि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा वैशाख ३ गते पीसीआर विधिबाट गरिएको स्वाब परीक्षणको रिपोर्ट नेगेटिभ आएपछि भारतको दिल्लीस्थित निजामुद्दीन मरकजबाट आएका उहाँहरूलाई तिलाठी कोइलाडी गाउँपालिका र खडक नगरपालिकाद्वारा सञ्चालित क्वारेन्टाइनमा पठाइएको हो । तिलाठी कोइलाडी गाउँपालिका-१ तिलाठीका जमातीलाई स्वाब परीक्षण गर्न मोटरसाइकलमा अस्पताल ल्याउने सोही ठाउँका चालकलाई समेत आरडिटी परीक्षण गरी तिलाठी कोइलाडीको क्वारेन्टाइनमा राखिएको छ।
यसैगरी राजविराजसहित विभिन्न स्थानीय तहमा वैशाख ४ गतेसम्म १६ महिला र १ सय ७२ पुरुषको आरडिटी किटबाट द्रुत परीक्षण गरिएको छ । यो परीक्षण राजविराज, कञ्चनरूप, हनुमाननगर ककांलिनी, बोदे बर्साइन, खडक र डाक्नेश्वरी नगरपालिका तथा तिलाठी कोइलाडी, अग्नीसाइर कृष्णसवरण, महादेवा, राजगढ, बलान बिहुल, छिन्नमस्ता गाउँपालिकाको क्वारेन्टाइनमा बसेकाहरूको गरिएको हो।
स्वास्थ्य कार्यालय सप्तरीका निमित्त प्रमुख दुनियालाल यादवका अनुसार परीक्षण गरिएका १ सय ८८ मध्ये राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा दुई जनाको रिपोर्ट पोजिटिभ आएकोमा

उहाँहरूको समेत पिसिआर प्रविधिबाट स्वाब परीक्षण गर्दा रिपोर्ट नेगेटिभ आएको छ । राजविराजस्थित अस्पतालमा भने वैशाख ४ गते थप चार जनाको आरडिटी परीक्षण भएपछि सङ्ख्या ३३ पुगेको छ ।
राजविराजस्थित अस्पतालमा सञ्चालित 'फिभर क्लिनिक' मा वैशाख ४ गतेसम्म १ सय ५७ पुरुष र १ सय १० महिलासहित २ सय ६७ जनाको ज्वरो परीक्षण गरिएको छ । ज्वरो परीक्षण गरिएकामध्ये ४३ जनालाई होम क्वारेन्टाइनमा र १७ जनालाई सम्बन्धित स्थानीय तहको क्वारेन्टाइनमा पठाइएको अस्पतालले जनाएको छ । गजेन्द्रनारायण सिंह अस्पताल राजविराजले वैशाख ४ गतेसम्म १८ ओटा स्वाब परीक्षणका लागि पठाएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ ।
सप्तरीमा रहेका ३२ ओटामध्ये चार ओटा क्वारेन्टाइनमा वैशाख ४ गते नौ जना पुरुष थप भएका छन् । छिन्नमस्ता गाउँपालिका-३ स्थित चौरसिया धर्मशाला सखडामा पाँच, खडक नपा-९ स्थित स्वास्थ्य चौकी मैना सहश्रबाहुमा दुई र डाकनेश्वरी नपा-५ कचमावि पातो र तिरहुत गाउँपालिका-५ स्थित सरस्वती जनता मावि लोहजरामा एक/एक जना पुरुष थप भएका छन् ।
कञ्चनरूप नपा-१ स्थित लक्ष्मीनारायण मावि वैरवाबाट २३ जना तथा बोदेबर्साइन नपा-५ स्थित चन्द्र नमूना मावि र छिन्नमस्ता गाउँपालिका-३ स्थित चौरसिया धर्मशालाबाट चार/चार जना पुरुष घर फर्किएका छन् । निगरानी अबधि पुगेर ३१ जना घर फर्किए पछि सप्तरीको क्वारेन्टाइनहरूमा बस्नेको सङ्ख्या वैशाख ४ गते घटेर तीन महिला र २ सय ११ पुरुष भएको स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।
महामारीको सङ्क्रमणबाट जोगिन र सङ्क्रमण फैलिन नदिन स्वास्थ्य सुरक्षा सतर्कता अपनाउँदै वैशाख ४ गतेदेखि जिल्ला प्रहरी कार्यालय सप्तरीको परिसरभित्र आउने सेवाग्राही लगायत प्रहरी कर्मचारीहरूलाई कार्यालयको मुख्य प्रवेशद्वारमा किटाणुरहित (डिसइन्फेक्ट) गर्नुको साथै सेवाग्राहीहरूको गुनासो, पिरमर्कालाई ध्यानमा राखी सोधपुछ बुथको स्थापना गरिएको छ ।
व्यक्तिगत सुरक्षा उपकरण (पिपिई) लगाउने तथा फुकाल्ने विधिका बारेमा जिल्लाभरिका स्थानीय तहका स्वास्थ्यकर्मी र एम्बुलेन्स चालकलाई राजविराजस्थित नेपाली सेनाका चिकित्सक विवेककुमार रोशनले राजविराजस्थित रंगशालामा पिपिई लगाउने तथा फुकाल्ने तरिकाका बारेमा जानकारी दिनु भएको छ ।

**इन्सेक सिरहा जिल्ला प्रतिनिधि दुर्गा परियारका अनुसार** भगवानपुर गाउँपालिकामा १८ जनाको स्वाब संकलन चैत २७ गते गरीएकोमा सबै जनाको नतिजा वैशाख ३ गते निगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख कृष्णदेव यादवले बताउनु भएको छ ।
जिल्लामा कोरोना परीक्षणको लागि र्‍यापीड डाइग्नोस्टिक परीक्षण सुरु गरिएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख कृष्णदेव यादवले बताउनु भएको छ । नरहा गाउँपालिकामा रहेको क्वारेन्टाइनमा दुई, अर्नमा गाउँपालिकामा पाँच र होम क्वारेन्टाइनमा रहेको अर्नमा गाउँपालिकामा १२ गरी १९ जनाको परीक्षण वैशाख ४ गते गरिएको यादवले बताउनु भयो । वैशाख २ गतेबाट आरडिटि परीक्षण सुरु गरेको र हालसम्म ६२ जनाको परीक्षण गरिएको छ । सबै जनाको रिपोर्ट नेगेटिभ आएको उहाँले बताउनु भयो ।
१७ वटै पालिकामा स्थित क्वारेन्टाइनमा निगरानीमा रहेका व्यक्तिहरुको लागि स्वास्थ्य कार्यालयबाट स्वास्थ्य सामग्रीहरु बितरण गरिएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख कृष्णदेव यादवले बताउनु भएको छ । सो अर्न्तगत वैशाख ४ गते नरहा गाउँपालिका, बिष्णुपुर गाउँपालिका, गोलबजार नगरपालिका, धनगढीमाई नगरपालिका र लहान नगरपालिकामा रहेको क्वारेन्टाइनमा किट बितरण गरेको उहाँले बताउनु भयो । कोरोना किटमा मास्क, सेनिटाइजर, थर्मामिटर र पिपि गाउन लगायतका सामग्रीहरु रहेको यादवले जानकारी दिनु भयो ।

जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी बिनोद घिमिरेका अनुसार वैशाख ४ गतेसम्म १५ महिला र १ सय २० पुरुष गरी १ सय ३५ जना क्वारेन्टाइनमा रहेका छन् । त्यसैगरी होम क्वारेन्टाइनमा ६ महिला सहित १ सय २७ जना निगरानीमा रहेको डिएसपी घिमिरेले बताउनु भयो ।

**इन्सेक धनुषा जिल्ला प्रतिनिधि दिपेन्द्र प्रसाद सिंहका अनुसार** विदेह नपा-४ ठाढि झिझामा वैशाख ४ गते ४ सय १९ घरपरिवारलाई राहत सामग्री प्रदान गरिएको छ । बिदेह नगरपालिकाका मेयर बेचन दास र उपमेयर निलम देवीको बिशेष उपस्थितिमा वडा न. ४ मा राहत सामग्री प्रदान गरिएको वडा अध्यक्ष बिनोद गोहितमानले जानकारी दिनु भएको छ ।
राहतमा १० किलो चामल, एक किलो दाल, एक किलो चिनी, एक किलो नुन, एक किलो च्युरा, दुई वटा साबुन र आधा लिटर खाने तेल प्रदान गरिएको छ ।
यसैगरी असहाय सरक्षण मंच जनकपुरका अध्यक्ष समाजसेवी वैधनाथ साहले जनकपुरधाम उमनपा-१६ बस्ने बिपन्न दुई घरपरिवारलाई राहत सामग्री र १ हजार १ सय नगद रुपियाँ प्रदान गर्नु भएको छ ।
सहिदनगरपालिकाको क्वारेन्टाइनमा रहेका १५ जनाको लिइएको स्वाव टेष्टको रिपोर्ट निगेटिभ आएको मेयर उदयकुमार वरवरियाले जानकारी दिनु भएको छ । सबेको रिपोर्ट निगेटिभ आएपछि उनिहरुलाई आफ्नो स्वास्थ्यको ख्याल राख्न अनुरोध गर्दै लकडाउनलाई पालना गर्न निर्देशनका साथ घर पठाइएको मेयर वरवरियाले बताउनु भयो ।

**महोत्तरी जिल्ला प्रतिनिधि अजयकुमार साहका अनुसार** वैशाख ४ गते महोत्तरीको विभिन्न नगरपालिकाहरुमा गरि ३८ जनाको र्‍यापीड डाइग्नोस्टिक टेस्ट (आरडीटी) किटबाट परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ देखिएको बताइएको छ ।
औरही नगरपालिकामा १३, बलवा नगरपालिकामा १५, सोनमा गाउँपालिकामा चार र गौशला नगरपालिकामा ६ जनाको वैशाखा ४ गते र्‍यापीड डाइग्नोस्टिक टेस्ट (आरडीटी) परीक्षण गरिएको प्रदेश २ को सामाजिक विकास मन्त्रालयका सचिव रामप्रसाद घिमिरेले जानकारी गराउनु भएको छ ।

**इन्सेक सर्लाही जिल्ला प्रतिनिधि बुधन साहका अनुसार** र्‍यापीड डायग्नोस्टिक टेस्ट (आरडीटी) विधिबाट सर्लाहीमा हालसम्म ५७ जनाको परीक्षण गरिएकोमा सबै जनाको रिपोर्ट नेगेटिभ आएको छ ।
वैशाख २ गते हरिपुर नगरपालिकामा दुई जना, वैशाख २ र ३ गते चन्द्रनगर गाउँपालिकामा ५० जना र वैशाख ३ गते कौडेना गाउँपालिकामा पाँच जनाको ह्यापिड डायग्नोस्टिक टेस्ट (आरडीटी) गर्दा सबैको नेगेटिभ रिपोर्ट आएपनि उनिहरुलाई १४ दिनसम्म क्वारेन्टाइनमा नै बस्नुपर्ने प्रमुख जिल्ला अधिकारी मोनबहादुर जिसिले बताउनु भयो ।
आरडीटी विधिबाट कोरोनाको परीक्षण गरिने एक जनामा १५ मिनेटको समय लाग्ने गरेको प्रमुख जिल्ला अधिकारी जिसीले बताउनु भयो ।
बरहथवा नगरपालिकामा राहत बितरण कार्य सूरु भएको छ । नगरपालिकाले लडडाउनको अबधिमा दैनिक गुजारा चलाउन नसक्ने प्रभावित अति विपन्न ५ हजार परिवारलाई राहत वितरण गर्न लागेका छन् ।
विश्वमा फैलिरहेको कोरोना महामारीबाट बच्नका लागी नेपाललाई लकडाउन गरिएपछि बरहथवा नगरपालिकाका प्रभावित विपन्न गरिब, अपाङ्ग तथा दलित परिवारलाई राहत वितरण गर्न लागिएको नगर बरहथवा नगरपालिकाका नगर प्रमुख देवानन्द महतोले जानकारी दिनु भएको छ ।

वडा नं. ६ बाट सुरुवात गरिएको राहत वितरण कार्यक्रम क्रमशः सबै वडामा सुचारु गर्ने र वडा नं. १ मा ४ सय ५०, वडा नं. २ मा २ सय २५, वडा नं. ३ मा ४ सय, वडा नं. ४ मा १ सय ६०, वडा नं. ५ मा ४ सय, वडा नं. ६ मा २ सय २०, वडा नं. ७ मा ३ सय ५०, वडा नं. ८ मा २ सय ५०, वडा नं. ९ मा २ सय २५, वडा नं. १० मा २ सय ८५, वडा नं. ११ मा २ सय ७५, वडा नं. १२ मा १ सय ७५, वडा नं. १३ मा २ सय २५, वडा नं. १४ मा २ सय ७५, वडा नं. १५ मा ४ सय, वडा नं. १६ मा २ सय २५, वडा नं. १७ मा २ सय ६० र वडा नं. १८ मा २ सय गरी जम्मा ५ हजार अति विपन्न गरिब, दलित तथा अपाङ्ग परिवारहरुले राहत स्वरुप खाधान्न पाउने गरि र केहि वडामा राहत सामग्री पठाइसके पनि बाँकी रहेको वडाहरुमा आजै राहत सामग्री पठाई सकिने भएकोले तिन देखि चार दिनसम्ममा राहत वितरण गरिने काम सकिने गरि बरहथवा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खिमबहादुर भुजेलले जानकारी दिनु भएको छ ।
यसैगरी वैशाख ३ गते बरहथवा नगरपालिका वडा नं. ६ मा लकडाउनबाट प्रभावित २ सय २० अतिविपन्न गरिब परिवारलाई राहत वितरण गरिएको छ । एक मिटरको सामाजिक दूरी कायम गरी राहत वितरण कार्य मर्यादित र व्यवस्थित तरिकाले चार जनासम्मको ८५ प्रभावित परिवारलाई चामल १० किलो, दाल एक किलो, आलु दुई किलो, खाने तेल एक लिटर, नुन एक किलो र हात धुने साबुन राहत स्वरुप वितरण गरिएको प्रमुख प्रशासकीय अधिकृत भुजेलले जानकारी दिनु भएको छ ।
बरहथवा नगरपालिका भित्रमा चार जना भन्दा बढि सङ्ख्या भएको परिवारलाई चामल १५ किलो, दाल डेढ किलो, आलु तिन किलो, खाने तेल एक लिटर, नुन एक किलो र हात धुने साबुन वितरण गरिएको वडा अध्यक्ष मोहमद आफताव आलमले जानकारी दिनु भयो ।

**इन्सेक रौतहट जिल्ला प्रतिनिधि कोपिला तिमल्सिनाका अनुसार** जिल्लामा स्थित क्वारेन्टाइनमा महिला १३ र १ सय ७३ पुरुष गरी १ सय ८६ जना रहेका छन् । जिल्लाको विभिन्न स्थानहरुको जम्मा क्वारेन्टाइन बेड सङ्ख्या ८ सय ३६ रहेको छ । जिल्लाका विभिन्न स्थानहरुको क्वारेन्टाइनबाट फिर्ता भएका सङ्ख्या १ सय ५४ रहेका छन् । जिल्लामा २५ बेडको आइसोलेसन क्षमता रहेको छ । क्वारेन्टाइनमा बसेकाहरुको स्वाव संकलन गरेका व्यक्तिको सङ्ख्या १ सय ६२ र र्‍यापीड डाइग्नोस्टिक टेस्ट गरिएको व्यक्ति सङ्ख्या २ सय ४ रहेका छन् । स्वाव परीक्षण भएका व्यक्तिको सङ्ख्या १ सय २३ जनाकै नेगेटिभ रिपोर्ट आएको छ, भने एक जनाको रिपोर्ट पोजेटिभ आएको छ र बाँकी ३८ जनाको रिर्पोट आउन बाँकी रहेको जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले बताउनु भयो । जिल्लामा हालसम्म ७ सय १ वटा पीपीई उपलब्ध रहेको छ ।
जिल्लामा एक जना कोरोना सङ्क्रमित भेटिएपछि जिल्लाबासी यतिखेर सशङ्कित भएका छन् । वैशाख १ गते इशनाथ नगरपालिकाको जनता मावि औरैयाको क्वारेन्टाइनमा बसेका एक १९ वर्षीय युवकमा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको थियो । चैत १६ गते भारतको दिल्ली हुँदै नेपाल आएका उनलाई हाल उपचारको लागि नारायणी उपक्षेत्रिय अस्पताल बीरगंजमा राखिएको छ । आफ्नै जिल्लामा कोरोना सङक्रमित भेटिएपछि यहाँका स्थानियहरु अझ बढी सजग हुन थालेका छन् ।
स्थानियबासीले कोरोना भाइरस विशेष गरी बाहिरबाट आएका मानिसहरुबाट सर्ने प्रवल संभावना रहेको भन्दै आफ्नो गाउँलाई स्वतः स्फूर्त रुपमा शिलबन्दी गर्न थालेका छन् । उहाँहरुले आफ्नो गाउँ टोलमा कोही मान्छे सहजै प्रवेश नपाओस् भनेर सडकमा विभिन्न अबरोधहरु राखेका छन् । लकडाउनको अबधिमा मानिसहरु हिडडुल नगरुन् र बाहिरबाट सवारी साधन प्रयोग गरेर गाउँमा मानिसहरु नआउन भनेर बाटोमा अबरोध राखेको गढिमाइ नगरपालिका-३ का प्रियाशु श्रेष्ठ बताउनु हुन्छ । यता चन्द्रपुर

नगरपालिका-२ मा कल्याण कार्कीले पनि आफुहरुले बाहिरबाट मानिसहरु आएर गाउँका मानिसहरुमा सङ्क्रमण सार्ने जोखिम कम गर्न बाटोमा अबरोध खडा गरेको बताउनु हुन्छ ।
यहाँका स्थानियहरुले आफ्नो गाउँ टोल प्रवेश गर्ने सडकहरुमा काठ, मुढा, ढुङ्गा, टायर, बाँस, ह्युमपाइप आदि राखेर अबरोध सृजना गरेका छन् । उहाँहरुले आपद् परेर कुनै सवारी साधन, एम्बुलेन्स, दमकल, आवागमन गर्नु परेमा हटाइने तयारी पनि गरी राखेको बताउँदै कोरोना भाइरसबाट बच्न सामाजिक दुरीनै उत्तम विकल्प भएको उहाँहरुको भनाई छ ।

**इन्सेक बारा जिल्ला प्रतिनिधि भोलानाथ पौडेलका अनुसार** भारतबाट आएका कोल्हवी नगरपालिकाका एक ब्यक्तिको स्वाब संकलनका लागि नारायणी अस्पताल बीरगंज पठाएको नगर प्रमुख भरत भण्डारीले बताउनु भयो । उहाँले मुस्लीम समुदायका ती ब्यक्तीमा उच्च ज्वरो आएपछि नगरपालिकाले निर्माण गरेको क्वारेन्टाइनमा ०७६ चैत २८ गते राखी स्वास्थ्य परीक्षण गरेको बताउनु भयो । परीक्षणका क्रममा चिकित्सकले कोरोना सङ्क्रमण नभएको बताएपनि ज्वरो कम नभएपछि पिसिआर बिधिबाट जाँचका लागि स्वाबको नमुना संकलन गर्न वीरगंज पठाइएको स्वास्थ्य कार्यालयका बरिष्ठ जनस्वास्थ्य अधिकृत राजकिशोर पण्डितले बताउनु भयो ।
जिपुरसिमरा उपमहानगरपालिका-५ का ५ सय ९३ परिवारका अपाङ्ग, दलित, विपन्न, महिला र पुरुषलाई राहत वितरण गरेको वडा अध्यक्ष मोहित चौधरीले बताउनु भएको छ । केहि परिवार राहत लिन छुटेका कारण राहतका लागि माग आइरहेको उहाँले बताउनु भयो ।
लकडाउनबाट प्रभावित कोल्हवी नगरपालिकाका ३ हजार ३ सय अतिविपन्न परिवारलाई राहत सामग्री वितरण गरेको नगर प्रमुख भरत भण्डारीले बताउनु भएको छ । उहाँले नगरक्षेत्रका वडामा ३ तरिकाले राहत वितरण गरेको बताउनु भयो । उहाँले दुई जनासम्मको परिवारलाई चामल १० किलो, दाल एक किलो, नुन एक किलो, खाने तेल ५ सय ग्राम, आलु दुई किलो र चार जनासम्मको परिवारलाई चामल २० किलो, दाल दुई किलो, नुन एक किलो, खाने तेल एक लिटर, आलु तीन किलो बितरण गरेको बताउनु भयो । उहाँले चार जनाभन्दा बढी सदस्य भएका परिवारलाई चामल २५ किलो, दाल दुई किलो, नुन एक किलो, खाने तेल एक लिटर, आलु पाँच किलोको दरले वितरण गरेको बताउनु भयो ।
परवानीपुर गाउँपालिकाका वडा नं. १ का ४ सय ६७ , वडा नं. २ का ५ सय १५ , वडा नं. ३ का ५ सय १४, वडा नं. ४ का ४ सय ६५ र वडा नं. ५ का ४ सय ७८ अतिविपन्न घर परिवारलाई राहत सामग्री वितरण गरेको गाउँपालिकाका अध्यक्ष हरिनारायण साहले बताउनु भएको छ । उहाँले राहतमा चामल ३० किलो, दाल तीन किलो, नुन दुई किलो, खाने तेल दुई लिटर, साबुन चार ओटा, चिनी दुई किलो वितरण गरेको बताउनु भयो ।
फेटा गाउँपालिका-७ गम्हरियामा लकडाउनबाट प्रभावित ३ सय ५० घरपरिवारलाई राहत वितरण गरेको गाँउपालिकाका अध्यक्ष अमिरिलालले बताउनु भएको छ । वडा अध्यक्ष महमद हुसेन मियाले राहतमा चामल २५ किलो, दाल एक किलो, नुन एक किलो, खाने तेल एक लिटर, आलु तीन किलो वितरण गरेको बताउनु भयो । उहाँले राहत वितरण गर्न उपाध्यक्ष कमरुल खातुन, नेपाल प्रहरी र सशस्त्र प्रहरीले सहयोग गरेको बताउनु भयो ।
प्रसौनी गाउँपालिका-२ मा अतिबिपन्न १ सय ५० घरपरिवारलाई राहत बितरण गरेको वडा अध्यक्ष सुरेद्रकुमार गुप्ताले बताउनु भएको छ । उहाँले चामल २० किलो, दाल एक किलो, नुन एक किलो, साबुन दुई ओटा र मास्क एक ओटा वितरण गरेको बताउनु भयो ।
नेपाल सरकारले घोषण गरेको लकडाउनबाट जितपुर सिमरा उपमहानगरपालिका-२२ का नागरिकहरुलाई वडा कार्यालयले राहत वितरण गरेपनि थप राहत वितरण गर्नु पर्ने आवश्यकता भएको

वडा अध्यक्ष मनिक लामा थिङ्ले बताउनु भएको छ । किसान, ज्यालादारी, मज्दुरी गर्ने नागरिक अहिले समस्यामा परेको हुँदा सम्बन्धित निकाय तथा सहयोगी हातहरुलाई सहयोग गर्न अपिल गर्नु भएको छ । उहाँले नगद सहयोग नगरि खाद्यान्न सहयोग गर्नका लागि वडा अध्यक्षको मोबाइल नम्बर ९८४५१३४२४२, वडा सचिवको मोबाइल नम्बर.९८४८०४१४१२, ९८४५१३४०५५ र ९८४५६९९२४८ मा सम्पर्क गर्न अनुरोध गनु भएको छ ।

**पर्सा जिल्ला प्रतिनिधि केसि लामिछानेका अनुसार** कोरोना भाइरसको सङ्क्रमण परीक्षण गर्ने पोलीमरेसा चैन रिएक्सन (पिसीआर) मेशिन बीरगंजमा ल्याइएको छ । बीरगंजमा स्थापना गर्न खोजिएको प्रयोगशाला मोलेकुलर प्रयोगशाला हो ।
यसमा चाहिने अन्य उपकरणहरुको अभाव रहेको छ । सामानहरु उपलब्ध भएर प्रयोगशाला संचालनमा ल्याउन केही दिन लाग्ने नारायणी उपक्षेत्रीय अस्पतालका मेडिकल सुपरिटेन्डेण्ट डा..मदन कुमार उपाध्यायले जानकारी दिनु भयो । यो प्रयोगशालाको स्थापना पछि पिसीआर टेष्ट सङ्ख्या निकै बढ्छ । २ घण्टामा २० जनाको थ्रोट स्वाब परीक्षण हुन सक्ने बताइएको छ ।
बीरगंजमा कोरोना भाइरसको परीक्षणको लागि प्रदेश सकारले मन्त्रिपरिषदबाट निर्णय गरेर नारायणी अस्पतालमा पिसीआर मेशिन जडान गर्ने निर्णय गरेको थियो । प्रदेश सकारको पहलमा संघीय सरकारले मेशिन उपलब्ध गराएको हो ।
बीरगंजमा ल्याइएको मेशिन राष्ट्रिप जनस्वास्थ्य प्रयोगशाला टेकुले पठाएको हो । यसअघि त्रिभूवन विश्वविद्यालयमा रहेको प्रयोगशाला रहेको मेशिन बीरगंजलाई उपलब्ध गराउने तयारी थियो । त्रिभूवन विश्व विद्यालयले उपलब्ध गराउन अर्समथता जनाएको हुनाले बीरगंजमा मेशिन आउन ढिलो भएको स्रोतको भनाई छ ।
मेशिन त आयो तर त्यसमा चाहिने अन्य समानहरु  सामग्री जुटाउन पहल भइरहेको नारायणी अस्पतातालका मेडिकल सुपरिटेन्डेन्ट डा. उपाध्यायले जानकारी दिनु भयो  ।
उहाँले मलेकुलर ल्याब अति संवेदनशील ल्याब हो, सञ्चालनमा ल्याउन चाहिने अन्य औजार उपकरणको व्यवस्थापन भइनसकेको बताउनु भयो । मेशिनसँग प्रयोगशाला स्थापनाका लागि दक्ष जनशक्ति पनि बीरगंजमा आएको छ ।
ल्याब सञ्चालनमा ल्याउन बायोसेफ्टी क्याबिनेट, लेमिनर एयर फ्लो, डिफ्रिज, पीसीआर हुड, कोल्ड सेन्टिफ्रिजलगायत औजार उपकरण आवश्यक पर्ने डा. उपाध्यायले बताउनु भयो ।
**इन्सेक प्रदेश २ कार्यालय, जनकपुरधाम**